सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक २७७ ♦ २०८२ साल जेष्ठ ८ गते विहिवार ♦ 22 May 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मुलुकलाई खाद्यान्नलाई आत्मनिर्भर बनाउने दिशामा मधेश सरकार गृहकार्यमा जुटेको छः मुख्यमन्त्री सिंह




**खबर दर्पण समाचारदाता**

**जेष्ठ ७ गते, बर्दिवास**

मुख्यमन्त्री सतीशकुमार सिंहले कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाएर मुलुकलाई खाद्यान्नलाई आत्मनिर्भर बनाउने दिशामा मधेश सरकार गृहकार्यमा जुटेको बताउनु भएको छ। उहाँले स्वदेशमै र ोजगारी सिर्जना गरेर वैदेशिक रोजगारीको निर्भरता कम गर्ने रोडम्याप अनुसार निर्वाहमुखी कृषि उपजलाई आयआर्जनसँग जोडेर अघि बढ्नुपर्ने धारणा र ाख्नुभयो।

मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले बुधबार बर्दिबासबासमा आयोजना गरेको 'आगामी आर्थिक वर्षको योजना तर्जुमा' विषयक अन्तरक्रियालाई सम्बोधन गर्दै मुख्यमन्त्री सिंहले यस्तो धारणा राख्नु भएको हो। मधेश प्रदेशको कृषि मन्त्रालयले 'मुलुकलाई नै खाद्यान्नमा आत्मनिर्भर बनाउने' मिसनलाई अघि बढाएको सन्दर्भलाई जोड्नुहुँदै मुख्यमन्त्रीले विगतमा विदेशी मुलुकमा अन्न निर्यात गरेको इतिहास बोकेको मधेशको कृषि क्षेत्रको आधुनिकीकरणमा जोड दिनुभयो।

उहाँले कृषिको उत्पादन लागत बढीरहेकोले किसानलाई फाइदा हुने मेकानिजम बनाएर अघि बढनुको विकल्प नभएको धार णा राख्नुभयो।

आयोजक मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीले मधेशलाई कृषि हवको रुपमा विकास गरेर 'फिड द नेसन' को सपना सकार पार्न सबैको सहयोग आवश्यक भएको बताउनुभयो।

अन्तरक्रियामा प्रदेश सभा सदस्य कृष्णप्रसाद यादव, भर तप्रसाद साह, रामअशिष यादव, जैनुल राइन, जिवछी कुमारी यादवले धारणा राख्नुभयो।

अन्तरक्रियामा मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव उमेश दहालले प्रदेशको कृषि क्षेत्रको वर्तमान अवस्था, सम्भाव्यता तथा भावी रणनीति प्रस्तुत गर्दै मधेशमा खाद्य सुरक्षाको अवस्था क्रमिक सुधार हुँदै गएको बताउनुभयो।

मधेश प्रदेश कृषि निर्देशक जितेन्द्र यादवले कृषि उत्पादनका लागि राजनीतिक प्रतिवद्धतासहित ठोस नीति तथा कार्यक्रम पनि अपरिहार्य रहेको मन्तव्य राख्नुभयो।

कार्यक्रमको पूवार्द्धमा खाद्य प्रणाली विशेषज्ञ डा. राजेन्द्र उप्रेती, कृषि तथा पशुपंक्षी मन्त्रालयका विज्ञ डा. मणिरत्न अर्याल, पशुपन्छी तथा मत्स्य विकाश निर्देशक जागेश्वर यादवले मेधेश प्रदेशका कृषि क्षेत्रका सम्भावना, चुनौती र भविष्यका बारे प्रस्तुतिकरण गर्नु भएको थियो।

## भौतिक पूर्वाधारले मात्र शिक्षा गुणस्तर हुँदैनः शिक्षामन्त्री तिवारी




**खबर दर्पण समाचारदाता**

**जेष्ठ ७ गते, बर्दिवास**

धेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानीकुमारी तिवारीले भौतिक पूर्वाधार निर्माणले मात्र शिक्षा क्षेत्रको गुणस्तरमा सुधार नआउने स्पष्ट पार्नुभएको छ ।

जनकपुरधाममा बुधबार आयोजित शिक्षा सम्बन्धि 'प्रदेश स्तरीय कार्ययोजना तर्जुमा सम्बन्धी कार्यशाला'मा बोल्नुहुँदै उहाँले गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि संरचनासँगै शिक्षकको दरबन्दी, स्रोत व्यवस्थापन र योजनाको समयमै कार्यान्वयन हुनु आवश्यक र हेको बताउनुभयो ।

"प्रदेशका सबै मन्त्रालयले भौतिक संरचना निर्माणमा मात्रै ध्यान दिने प्रवृत्तिले शिक्षामा गुणस्तरिय सुधार सम्भव भएको छैन," मन्त्री तिवारीको भनाइ थियो ।

उहाँले शिक्षा मन्त्रालयको १८ वटा कार्यविधि पास भए पनि बजेट खर्चमा ढिलाइ हुने समस्या रहेको बताउँदै कार्यविधि निर्माणमै समय जाने भएकाले योजना समयमै सम्पन्न हुन नसकेको उल्लेख गर्नुभयो । उहाँका अनुसार वार्षिक खर्चमा भौतिक निर्माणतर्फ ८० प्रतिशत र अन्य शिक्षासम्बन्धी कार्यक्रममा मात्र ५ प्रतिशत बजेट खर्च हुने गरेको छ ।

मन्त्री तिवारीले शिक्षा क्षेत्रमा बजेटको न्यूनतम २० प्रतिशत हिस्सा छुट्याउने प्रतिबद्धता भए पनि हाल १० प्रतिशत पनि छुट्याइएको छैन भन्ने तथ्यले शिक्षा सुधारलाई चुनौती बनाएको बताउनुभयो । उहाँले प्रत्येक निर्वाचन क्षेत्र वा पालिकामा कम्तीमा एउटा नमुना विद्यालय स्थापना गर्नुपर्नेमा समेत जोड दिनुभयो ।


कार्यक्रममा धनुषा जिल्लाको मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले आफ्नो पालिकामा रहेका १३ वटा सामुदायिक विद्यालयलाई नमुना विद्यालय बनाउने योजना अनुसार कार्य भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार दुई करोडभन्दा बढी रुपियाँ डेस्कबेन्च खरिदमा र २४

*बाँकी पृष्ठ २ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेश सरकारको नीति तथा कार्यक्रम जेठ १५ पछि सार्वजनिक हुने

**खबर दर्पण समाचारदाता**
**जेष्ठ ७ गते, बर्दिवास**



मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि नीति तथा कार्यक्रम जेठ १५ लगत्तै सार्वजनिक गर्ने तयारी गरेको छ ।

गृह, सञ्चार तथा कानून मन्त्री एवम् प्रदेश सरकारका प्रवक्ता राजकुमार लेखीले बुधबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिएका हुन् ।

उनका अनुसार नीति तथा कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको छ। बजेट निर्माणमा सञ्चार क्षेत्र र शहीद परिवारको सम्मान तथा सशक्तिकरणलाई प्राथमिकतामा राखिएको उनले बताए ।

मन्त्री लेखीले पत्रकार सम्मेलनमा शहीदहरूलाई सम्झना केवल समारोह र भाषणमा सीमित रहनु नहुने स्पष्ट पारे। 'एक दिनको नाचगान र भोजभतेरले शहीदको सम्मान हुँदैन । उनीहरूको सपना पूरा गर्ने हो भने परिवारलाई रोजगारी, सीप र शिक्षा दिनुपर्छ,' मन्त्री लेखीले भने ।

उनले चालु आर्थिक वर्षमा शहीदका सन्तानहरूलाई छात्रवृत्तिका लागि ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको र आगामी वर्षमा सीपमूलक तालिमका लागि ८० लाख रुपैयाँ छुट्याइने जानकारी दिए । 'सिलाइ, ब्यूटी पार्लर तालिमसँगै आवश्यक उपकरणहरू पनि प्रदान गरिनेछ,' उनले थपे ।

मन्त्री लेखीले सञ्चार मन्त्रालय विगतका बजेटमा उपेक्षित हुँदै आएको गुनासो गर्दै यसपटक प्राथमिकतामा राखिएको बताए । उनले पत्रकारहरूको सुरक्षालाई ध्यानमा राख्दै पत्रकार बीमालाई जीवन बीमामा रूपान्तरण गर्ने तयारी गरिएको बताए । साथै, मधेश प्रदेशका ज्येष्ठ पत्रकारहरूको सम्मान कार्यक्रम छिट्टै आयोजना गरिने जानकारी पनि दिए ।

प्रवक्ता लेखीका अनुसार पत्रकार सम्मेलनको उद्देश्य केवल जानकारी दिनु मात्र नभएर पत्रकारहरूसँग प्रत्यक्ष संवाद गरी नीति तथा कार्यक्रमको मस्यौदा सुदृढ बनाउनु पनि हो। 'सञ्चारकर्मीहरूको सुझाव र सरोकार समेटेर मन्त्रालयको नीति तयार गरिने छ,' उनले भने ।

मन्त्री लेखीले मधेश प्रदेशमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका संरचना कमजोर रहेको स्वीकार गर्दै तिनको सुदृढीकरण र नयाँ पूर्वाधार विकासमा बजेट विनियोजन गरिने जानकारी दिए ।

'शान्ति सुरक्षा प्रदेश सरकारको पहिलो प्राथमिकता हो । संरचना सुधारका लागि संघ सरकारसँग समन्वय गरेर काम अगाडि बढाइनेछ,' उनको भनाइ थियो ।

# दूधमति नदी संरक्षणको अभियान तीव्र, कार्यान्वयनका लागि विभिन्न उपसमिति गठन

**खबर दर्पण समाचारदाता**
**जेष्ठ ७ गते, बर्दिवास**



धार्मिक, सांस्कृतिक र पर्यावरणीय दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिने दूधमति नदीको संरक्षण, उत्खनन र सौन्दर्यकरणका लागि प्रदेश सरकारले व्यापक तयारी सहितको पहल अघि सारेको छ ।

नदीको समग्र व्यवस्थापन र योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न बुधबार आयोजित एक बैठकले विविध उपसमितिहरूको गठन गर्दै योजनाबद्ध ढंगमा अघि बढ्ने निर्णय गरेको छ ।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेष नारायण यादवको संयोजकत्वमा बसेको दूधमति नदी उत्खनन तथा विकास कार्य कार्यान्वयन उपसमितिको बैठकले संरक्षण योजना कार्यान्वयनका लागि आवश्यक पदाधिकारीहरू तोकेर उनीहरूको सेवा सुविधा निर्धारण गरेको छ। साथै, स्थायी कार्यालय स्थापना, आवश्यक कर्मचारी नियुक्ति र सामग्री खरिद प्रक्रिया थालनी गर्ने निर्णय गरिएको छ ।

बैठकमा मन्त्रालयका निमित्त सचिव रामकुमार खंग, विभिन्न महाशाखाका प्रमुखहरू, जिल्ला प्रशासन कार्यालय, मालपोत र नापी कार्यालयका प्रतिनिधिहरू, साथै क्षिरेश्वर नगरपालिका र लक्ष्मीनिया गाउँपालिकाका जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

यसअघि नै व्यवस्थापन समिति, प्रचार-प्रसार समिति र प्राविधिक समूह गठन गर्ने निर्णय भइसकेको छ । अहिले ती समितिका पदाधिकारीहरूको कार्यक्षेत्र, अधिकार र जिम्मेवारी स्पष्ट गर्दै थप प्रभावकारी कार्यान्वयन प्रणाली निर्माणको बाटो खोलिएको छ। दूधमति नदीको संरक्षणलाई केवल वातावरणीय सवालमा सीमित नराखी स्थानीय पर्यटन प्रवर्द्धन र जनजीवन सुधारको अभियानका रूपमा अघि सारिएको छ। बैठकले नदी तथा पोखरी क्षेत्रमा डुङ्गा सञ्चालनको सम्भाव्यता अध्ययन गरी सुविधा उपलब्ध गराउने निर्णयसमेत गरेको छ। यसले धार्मिक पर्यटन र आन्तरिक भ्रमणलाई प्रोत्साहन गर्ने विश्वास गरिएको छ ।

मन्त्री यादवका अनुसार पहिलो चरणमा नदीको उद्गमस्थलदेखि करिब ६.५ किलोमिटर दूरीसम्म नापजाँच गरी नदी बहाव क्षेत्र छुट्याउने काम सुरु गरिनेछ । त्यसका लागि बोलपत्र प्रक्रिया पनि अघि बढाइएको छ। उनले दूधमति नदीको कुल लम्बाइ ४४ किलोमिटर रहेको जानकारी दिँदै यसले धनुषा र महोत्तरी जिल्लाबीचको भौगोलिक सम्बन्ध मात्र नभई सांस्कृतिक ऐक्य पनि प्रगाढ बनाउने बताए ।

# भौतिक पूर्वाधारले मात्र शिक्षा.....

करोडभन्दा बढी भवन निर्माणमा लगानी गरिसकिएको छ। "अब अभिभावकहरू पनि आफ्ना बालबालिकाको शिक्षामा चासो दिन थालेका छन्," यादवले भन्नुभयो ।

कार्यक्रममा शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई) का संयोजक राजेन्द्र पहाडीले मुलुकको समग्र विकास शिक्षाबाट मात्रै सम्भव हुने धारणा राख्नुभयो । उहाँले गुणस्तरयुक्त, समावेशी, सहभागितामूलक तथा जीवनोपयोगी शिक्षा आजको आवश्यकता भएको उल्लेख गर्नुभयो। यसै अभियान अन्तर्गत प्रदेशका सात जिल्लामा जिल्ला समिति गठन गरिएको पनि उहाँले जानकारी दिनुभयो ।

एनसिई मधेश प्रदेश संयोजक लक्ष्मेश्वर मण्डलको अध्यक्षतामा आयोजित उक्त कार्यशालामा स्थानीय तहका प्रमुख, उप-प्रमुख, शिक्षक, तथा शिक्षा क्षेत्रमा काम गर्ने सरकारी-गैर सरकारी संस्थाका प्रतिनिधिको सक्रिय सहभागिता रहेको थियो ।

कार्यशालाबाट शिक्षा क्षेत्र सुधारका लागि आगामी कार्ययोजनाको खाका समेत तयार पारिएको छ ।

# शिलान्यास भइसकेको ....

प्रेरणाका स्रोतहरूको स्मृति स्थलका रूपमा विकास गर्ने प्रस्ताव गरिएको छ । पार्कमा चमार समुदायका गुरु रविदास, मुसहर समुदायका दीनाभद्री र राजा सलहेसको समेत शालिक राख्नुपर्ने माग गरिएको छ ।

प्रदेश सरकारले बजेट नछुट्याए चन्दाबाट भए पनि पार्क निर्माण अगाडि बढाउने चेतावनी ज्ञापनपत्रमा दिइएको छ । उनीहरूले यस विषयमा दलित समुदायका युवाहरू, अगुवा र संघसंस्थाहरूबीच पूर्ण सहमति भएको जनाएका छन् ।

ज्ञापनपत्रमा अम्बेडकर पार्क निर्माण बाहेक दलित समुदायसँग सम्बन्धित अन्य आठ महत्वपूर्ण मागहरू पनि समावेश गरिएको छ । तीमध्ये दलित विद्यार्थीहरूलाई उच्च शिक्षाका लागि छात्रवृत्ति विस्तार, दलित बस्तीमा आधारभूत पूर्वाधारको विकास, रोजगारीका लागि सीपमूलक तालिम तथा आर्थिक अनुदानको व्यवस्था, जातीय भेदभावविरुद्ध कडा कानुनी कार्यान्वयन र दलित कल्याणका लागि छुट्टै मन्त्रालय गठनजस्ता मागहरू उल्लेख छन् ।

ज्ञापनपत्रमा चमार कल्याण समाज नेपालका अध्यक्ष दिनेश चमारसहित विभिन्न दलित संघसंस्थाका प्रतिनिधिहरूको हस्ताक्षर रहेको छ । मुख्यमन्त्री सिंहले ज्ञापनपत्र बुझ्दै समुदायको आवाजलाई बेवास्ता नगरिने र उचित छलफलपछि आवश्यक निर्णय लिइने आश्वासन दिएका छन् ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मिर्गौला दान गरेर रितुले बचाइन् श्रीमानको जीवन



**खबर दर्पण समाचारदाता**
**जेष्ठ ७ गते, बर्दिवास**

सिरहा जिल्लाकी रितु साहले मायाको गहिरो भावनालाई केवल शब्दमा मात्र नभई कर्ममै उतारेर असल जीवनसाथीको प्रेरणादायी उदाहरण प्रस्तुत गरेकी छन् ।

लहान नगरपालिका-२४ की रितुले आफ्ना श्रीमान् मौजे साहलाई जीवनदान दिन आफ्नै मिर्गौला दान गरेर नारीको निःस्वार्थ प्रेम र समर्पणको अनुपम मिसाल कायम गरेकी हुन् ।

मिर्गौला फेल भएर लामो समयदेखि जीवन र मृत्युको दोसाँधमा रहेका मौजे साहको बुधबार काठमाडौंस्थित शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा सफल प्रत्यारोपण गरिएको हो। चिकित्सकहरूका अनुसार प्रत्यारोपण सफल भएको छ। अहिले दुवैको स्वास्थ्य अवस्था स्थिर छ।

मौजेको दुवै मिर्गौला विफल भएपछि उनी विगत नौ महिनादेखि नियमित डायलसिस गराइरहेका थिए । तर, साह परिवारको आर्थिक अवस्था कमजोर भएका कारण उपचारमा ठूलो कठिनाइ परेको थियो। यस अवस्थामा गाउँले, छिमेकी, पुराना साथीभाइ र सामाजिक अभियन्ताहरूको पहलमा आर्थिक संकलन गरिएको थियो । समाजले देखाएको एकता र सहकार्यकै कारण मिर्गौला प्रत्यारोपण सम्भव भएको मौजेले बताएका छन् ।

श्रीमानको पीडालाई आफ्नै पीडा ठानेकी रितुले उनलाई नयाँ जीवन दिन कुनै हिचकिचाहट नगरी एउटा मिर्गौला दान गरिन् । उनका अनुसार, 'जीवनभर सँगै बाँच्ने वाचा गरेका छौं, त्यसैले म उनको दुःखमा चुप बस्न सक्दिनथें ।'

प्रत्यारोपणपछि चिकित्सकहरूले दुवैको स्वास्थ्य अवस्थामाथि निगरानी गरिरहेका छन्। सफल सर्जरीपछि अब मौजे साहलाई नियमित औषधि सेवन, पोषणयुक्त खाना र संयमित जीवनशैलीमा राख्नुपर्ने परिवारले जनाएको छ। साथै, पछिल्लो जीवनमा संक्रमण र जटिलता नहोस् भनेर स्वास्थ्य अनुशासनमा कडाइ अपनाउने तयारी गरिएको छ ।

साह परिवारले उपचार खर्च जुटाउन सक्ने अवस्था नरहेका बेला समुदायका विभिन्न पक्ष एकजुट भएर सहयोगमा जुट्नुले समाजमा अझै पनि मानवता बाँकी रहेको सन्देश दिएको छ ।

स्थानीय स्वयंसेवीहरू, पत्रकार, सामाजिक अभियन्ता र युवाहरूको सक्रियताले आवश्यक रकम संकलन भएको थियो ।

# व्यवहारिक पहलका लागि राष्ट्रिय मञ्चको ध्यानाकर्षण

**खबर दर्पण समाचारदाता**
**जेष्ठ ७ गते, बर्दिवास**

मधेश प्रदेशमा अझैसम्म न्यायोचित पुनर्स्थापनाको प्रतीक्षामा रहेका मुक्त हरवाचरवाहरूको जीवनमा आशाको उज्यालो फैलाउन उद्देश्यले राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले प्रदेश सरकारसँग ठोस कदम चाल्न माग गरेको छ ।

मुख्यमन्त्री सतिश कुमार सिंहलाई विस्तृत मार्गचित्र र व्यवहारिक सुझावसहितको ध्यानाकर्षण पत्र बुझाउँदै मञ्चले प्रदेश सरकारको आगामी नीति तथा कार्यक्रम तथा बजेटमा मुक्त हरवाचरवाको स्थायी पुनर्स्थापनालाई उच्च प्राथमिकतामा राख्न आह्वान गरेको हो ।

राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका केन्द्रीय उपाध्यक्ष श्रीप्रसाद सदाद्वारा हस्ताक्षरित उक्त ध्यानाकर्षण पत्रमा पुनर्स्थापनाका लागि विस्तृत र व्यवहारिक मार्गचित्र प्रस्तुत गरिएको छ । विशेषगरी भूमिहीन र रोजगारी विहीन अवस्थामा रहेका मुक्त हरवाचरवाहरूका लागि शीघ्र आवास, आजीविका तथा कानुनी पहिचानको प्रत्याभूति गरिनुपर्ने उल्लेख छ ।

मुख्यमन्त्री सिंहसँगको भेटमा मञ्चका प्रतिनिधिहरूले पुनर्स्थापनाको कार्य तत्काल सुरु गर्न आग्रह गरे । जवाफमा मुख्यमन्त्री सिंहले हरवाचरवा प्रथालाई मधेश प्रदेशको समृद्धिमा लागेको 'कलंक' भन्दै यसलाई अन्त्य गर्न स्पष्ट नीतिगत योजना र पर्याप्त बजेटसहितका कार्यक्रम अगाडि बढाइने प्रतिबद्धता जनाए ।

उनले भने, 'हरवाचरवाको समस्या भावनात्मक भाषण वा दोसल्ला ओढाएर समाधान हुँदैन । यो दीर्घकालीन योजना र व्यवहारिक पुनर्स्थापनाको विषय हो । हामी सीपमूलक तालिम, जमिन हस्तान्तरण र दीर्घकालीन आत्मनिर्भरता स्थापना गर्ने रणनीतिमा छौं ।'

ध्यानाकर्षण पत्रमा मुक्त घोषणा र ऋण खारेजीको पूर्ण कार्यान्वयनका लागि स्पष्ट कार्यनिर्देशिका पारित गरिनु पर्ने, स्थानीय तहको सहकार्यमा प्रमाणित तथ्याङ्क संकलन र मुक्त हरवाचरवाका लागि परिचयपत्र वितरण, पुनर्स्थापनाका लागि प्याकेज कार्यक्रम सञ्चालन, शहर क्षेत्रमा कम्तीमा १ कट्ठा तथा ग्रामीण क्षेत्रमा २ कट्ठा जमिन उपलब्ध गराई स्वामित्वसहितका पुर्जा वितरण, आजीविकाका लागि आधुनिक कृषि तालिम, बीउ, औजारसहित ५ कट्ठा जमिन वा १० वर्षका लागि लिजमा उपलब्ध गराउने व्यवस्था र अनुपस्थित जमिन्दारको जमिन वा बाँझो जमिन कानुन अनुसार प्रयोगमा ल्याउने नीति निर्माण गर्न माग गरिएको छ ।

वि.सं. २०७९ साउन २ गते संघीय सरकारले मुक्त हरवाचरवाको सम्पूर्ण ऋण खारेजी गर्दै पूर्ण स्वतन्त्रता घोषणा गरेको थियो । तर, करिब दुई वर्ष सात महिनासम्म पनि पुनर्स्थापनाको ठोस काम सुरु नहुनु गम्भीर लापरवाहीको रूपमा हेरिएको छ ।

मञ्चकी केन्द्रीय कोषाध्यक्ष राजवती मण्डल भन्छिन्, 'हामीले स्वतन्त्रता त पायौं, तर बास छैन, काम छैन, जमिन छैन । राज्यले हामीलाई अभावमै छोडेको छ । आश्वासनमात्र नभई व्यवहारिक पुनर्स्थापनाको अविलम्ब थालनी हुनुपर्छ ।'

मुख्यमन्त्री सिंहले चालु आर्थिक वर्षमा शहीद परिवारका लागि छुट्याइएको ८० लाख रुपैयाँको बजेट अन्तर्गत सीपमूलक तालिम र रोजगारी कार्यक्रम सुरु गरिएको र यस्तै प्रकृतिका कार्यक्रम हरवाचरवाका लागि पनि लागू गरिने आश्वासन दिए ।

***छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई पनि छोरा सरह उच्च शिक्षा दिऔं ।***


## सावधान रहौं , आगलागीबाट बचौं ।

गर्मी महिना शुरु भएसँगै आगलागीका घटनाहरु बढी हुने गर्दछ । हाम्रो सानो असावधानीले ठूलो जनधनको क्षति हुने गर्दछ । त्यसैलै आगलागीबाट जोगिन सावधानी अपनाऔं ।

१. सलाई, लाइटर जस्ता आगोजन्य पदार्थ बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् । भान्साको काम सकेपछि आगो निभाउन नबिर्सौं ।
२. घर-अफिस तथा सम्वेदनशिल स्थानमा आगो निभाउने यन्त्र राखौं ।
३. आगलागी भएमा चिच्याएर जानकारी गराउँदै सुरक्षित स्थानमा जाऔं ।
४. घरभित्र लुक्ने प्रयास नगर्ने, घरबाहिर निस्केपछि सबै परिवार आए-नआएको यकिन गरौं ।
५. धुवाँ भएको स्थानबाट निस्कँदा घोप्टो परेर वा घस्रेर निस्कौं ।
६. शरिरको कपडामा आगोले टिप्यो भने नदौडिकन आगो निभाएर मात्रै भागौं ।
७. पेट्रोल, मट्टीतेल लगायतका प्रज्ज्वलनशील पदार्थहरु बच्चाको पहुँचबाट टाढा राखौं ।
८. आगो नियन्त्रण नहुने भएमा वारुणयन्त्र वा प्रहरीको १०० नम्बरमा फोन गरी जानकारी गराऔं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**पीपरा गाउँपालिका, महोत्तरी**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**सोनमा गाउँपालिका, महोत्तरी**

# शिलान्यास भइसकेको स्थानमै अम्बेडकर पार्क निर्माण गर्न माग



**खबर दर्पण समाचारदाता**
**जेष्ठ ७ गते, बर्दिवास**

सिरहा जिल्लाको लहान नगर पालिका-७ स्थित शिलान्यास भइसकेको स्थलमै डा. भीमराव अम्बेडकर पार्क निर्माण गर्न चमार समुदायका अगुवा तथा संघसंस्थाहरूले माग गरेका छन् ।

बुधबार जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई भेट्दै उनीहरूले औपचारिक रूपमा ज्ञापनपत्र बुझाएका हुन् ।

ज्ञापनपत्रमा लहान-७ को सलहेस फूलबारी नजिक रहेको १० धुर सार्वजनिक जमिनमा अम्बेडकर पार्क निर्माण गर्ने पूर्वनिर्धारित योजनालाई कार्यान्वयनमा ल्याउनुपर्ने उल्लेख गरिएको छ। सो स्थानमा औपचारिक शिलान्यास भइसकेको भए पनि राजनीतिक दबाबका कारण निर्माण प्रक्रिया रोकिएको भन्दै उनीहरूले आपत्ति जनाएका छन् ।

ज्ञापनपत्रमा पासवान समुदायका केही नेताहरूको विरोधकै कारण बहुसंख्यक दलित समुदायको मागलाई बेवास्ता गरिएको गुनासो गरिएको छ । 'कसैको व्यक्तिगत वा वर्गीय असहमतिको आधारमा सम्पूर्ण समुदायको अधिकार कुन्ठित गरिनु अन्याय हो,' ज्ञापनपत्रमा भनिएको छ ।

ज्ञापनपत्रमा चमार समुदायका डा. काशीन्द्र महरा चमारले पार्क निर्माणका लागि आवश्यक परे थप दुई कठ्ठा निजी जग्गा सरकारलाई निःशुल्क दिने लिखित प्रस्ताव समेत राखिएको छ । 'पार्क निर्माणको काम जग्गाको अभावमा रोकिनु नपरोस् भन्ने हाम्रो चाहना हो,' महरा चमारले भने ।

ज्ञापनपत्रमा निर्माण हुन लागेको अम्बेडकर पार्कलाई केवल चमार समुदायको गौरवको विषय मात्र नभई सबै दलित समुदायका साझा नेतृत्व र

बाँकी पृष्ठ २ मा

# धनुषामा वन क्षेत्रको जमिनमा बनाइएका घरटहरा हटाइयो



**खबर दर्पण समाचारदाता**
**जेष्ठ ७ गते, बर्दिवास**

धनुषामा वन क्षेत्रको जमिन अतिक्रमण गरि बनाइएका घर टहरा हटाइएको छ। गणेशमान चारनाथ नगरपालिका-६, स्थित चारनाथ सामुदायिक वन क्षेत्रमा अतिक्रमण गरि बनाइएका नौ वटा घरटहरा हटाइएको डिभिजन वन कार्यालय धनुषाले जनाएको छ ।

डिभिजन वन कार्यालय धनुषाका डिभिजलन प्रमुख विनोद सिंहले करिब तीन हेक्टरभन्दा बढी वन क्षेत्रको जमिन अतिक्रमण गरि निर्माण गरिएका नौ वटा घर घटहरा खाली गराइएको बताउनुभयो। वनको जमिनमा घरटहरा निर्माण गरेर निजी प्रयोगमा ल्याउने प्रयास गरिएकाले सो घरटहरा उखेर ठाउँ खाली गराइएको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार कमला सब डिभिजन वन कार्यालयका अधिकृत भगलु मण्डल, जिल्ला वन सुरक्षा टोलीका कमाण्डर वैजनाथ सिंहको नेतृत्वको टोलीले जनपद प्रहरी र सशस्त्र प्रहरीको सहयोगमा अतिक्रमित जमिन खाली गराएको हो ।

डिभिजनल प्रमुख सिंहले भन्नुभयो, "अनधिकृत रूपमा घर टहरा निर्माण गरेर वन क्षेत्रको जमिनमा कब्जा गर्ने प्रयास भएपछि टोली परिचालन गरी ती घरटहरा उखेलेर हटाएका छौं ।"

आगामी दिनमा स्थानीय प्रशासन, सुरक्षा निकाय र सम्बन्धित निकायको सहयोग अन्य ठाउँका अतिक्रमित वन क्षेत्रको जमिन चरणबद्ध रुपमा खाली गराउने उहाँले बताउनुभयो ।


तपाईको शहर वर्दिवासमाक

WebSurfer
Fiber Internet &Iptv
अरु भन्दा फरक
सबै भन्दा विस्वास्निय

सम्पर्क गर्नुहोस् ।
044550565, 9801042026



सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

कर्जन्हा नगरपालिका, सिरहा



जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र
नाक, कान तथा घाँटीको रोग
प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,